# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः १५/ ०८०/ ०८१ मितिः२०८०/ ०९/ २५

अध्यक्षताः नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

उपस्थितिः

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उप नगर प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्गनाम | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | अनुपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री तिलोचन रिमाल | उपस्थित |

**बैठक संख्या १५/०८०/०८१ अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक मिति २०८०/०९/२५**

अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०८० साल पौष २५ गते बसेको बैठकबाट निम्न बमोजिमका निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

**१. समिक्षा सम्बन्धमा ।**

अघिल्लो कार्यपालिकाको बैठकको निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षतात्मक छलफल गरियो ।

**२. आयोजना छनौट सम्बन्धमा ।**

राष्ट्रिय योजना आयोगबाट मिति २०८०/०८/३० गते प्रकाशित सूचना बमोजिम यस अर्जुनधारा नगरपालिकाबाट आगामी आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल सरकारको समपुरक अनुदान तथा विशेष अनुदानका लागि देहाय बमोजिमका आयोजना छनौट गरी प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

| समपुरक अनुदान | विशेष अनुदान |
|---|---|
| १. मातामन्दिर-प्रणामी टोल सडकमा नाला निर्माण,वडा नं ६ (गत आ.व.बाट क्रमागत)<br>२. बिरिङ्ग बाइपास करिडोर सडक निर्माण<br>३. ओमचौक-बैसाबाडी भानु मा वि सडक निर्माण, वडा नं ५<br>४. शनिश्चरे बहुमुखी क्याम्पस घेराबारा, वडा नं ७<br>५. गोलधाप-धिमला गाउँ- चारघरे-कदमगाछी सडक निर्माण, वडा नं ८,९<br>६. लक्ष्मी मा.वि- बसपार्क सडक निर्माण, वडा नं ६,११ | १. वडा नं १, २ सातकटेरीमा चेकड्याम निर्माण<br>२. वडा नं ५, ७ र ८ बिरिङ्ग खोलामा तटबन्धन |

**३. पुल मर्मत सम्भार सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिका वडा नं ८ खानेपानी टेंकीबाट सालबाडी जाने सडकको शनिश्चरे अस्पताल छेउको पुल कल्भर्ट जीर्ण भई दुर्घटनाको जोखिम रहेको र तत्काल मर्मत सम्भार गर्नु पर्ने भएको हुनाले नगरपालिकाको मर्मत सम्भार कोष तथा विपद् व्यवस्थापन कोषबाट श्रोत सुनिश्चित गरी लागत अनुमान तयार गरी मर्मत सम्भारको आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

**४. नदीजन्य पदार्थको ठेक्का बन्दोवस्त सम्बन्धमा ।**

यस नगरपालिकाका टाङटिङ तथा सुखानी खोलाका नदीजन्य पदार्थको उत्खनन बिक्री कर संकलनका लागि साविकमा नगरपालिका कार्यालयबाट पटक पटक सूचना प्रकाशन गर्दा पनि कुनै बोलपत्र प्रस्ताव पेश नभएकोमा उक्त ठेक्काको सुरु न्यूनतम कबोल रकमबाट उक्त नदीहरुबाट नगरपालिकाबाट अमानतबाट संकलन गरिएको कर रकम घटाई कायम हुने अंकलाई नयाँ कबोल रकम मानी टाङटिङ प्याकेज १, प्याकेज २ र सुखानी खोलाका लागि अलग अलग प्याकेज बनाई पुनः ७ दिने बोलपत्र आह्वान सम्बन्धि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

५. **नगर आधारभुत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ संशोधन सम्बन्धमा।**

अर्जुनधारा नगरपालिकाको नगर आधारभुत अस्पताल सञ्चालन तथा व्यवस्थापन (प्रथम संशोधन) कार्यविधि, २०८० स्वीकृत गरियो ।

६. **निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिका वडा नं ३ मा रहेको जुकेखाडी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. लाई अर्जुनधारा नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि २०७५ बमोजिम घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र उपलब्ध गराउने निर्णय गरियो ।

७. **पशु अस्पताल निर्माण सम्बन्धमा ।**

कोशी प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान बमोजिम यस अर्जुनधारा नगरपालिकामा पशु अस्पताल निर्माणका लागि रु ५० लाख बजेट विनियोजन भएको उक्त अस्पताल निर्माण पुरा गर्न स्वीकृति डिपिआर बमोजिम रु ४ करोड १० लाख लागत लाग्ने देखिएकाले हाललाई उक्त अस्पतालको पहिलो तला भवन निर्माण गर्न आवश्यक रकम रु २ करोड ४४ लाख मध्ये चालु आर्थिक वर्षमा विनियोजित बजेटबाट अपुग हुने रकम आगामी आर्थिक वर्षको बजेटबाट व्यवस्थापन गर्ने गरी पहिलो तला भवन निर्माणका लागि बहुवर्षीय ठेक्का व्यवस्थापन गर्ने निर्णय गरियो ।साथै, उक्त अस्पताल कोशी प्रदेशकै नमुना पशु अस्पतालको रुपमा निर्माण हुने भएको हुँदा उक्त अस्पतालको भवन निर्माण पुरा गर्नका लागि नेपाल सरकार, प्रदेश सरकार लगायत हेफर इन्टरनेशलनल लगायतका गैरसरकारी संस्थाहरुसँग लागत साझेदारीका लागि अनुरोध तथा समन्वय गर्ने निर्णय गरियो ।

८. **बजेट विनियोजन/ आर्थिक सहायता सम्बन्धमा।**

विभिन्न आयोजना तथा कार्यक्रमका लागि बजेट तथा सहायता माग भई आएको निवेदन बमोजिम बमोजिम यस नगरपालिकाको चालु आर्थिक वर्ष २०८०/८१ को देहाय बमोजिमको बजेट शीर्षकबाट देहाय बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम/ आयोजना | रकम (रु) | खर्च श्रोत |
|---|---|---|---|
| १ | बाँगेडाँगी सामुदायिक भवन, वडा नं ५ मा शौचालय निर्माण | २ लाख | संघसस्था प्रवर्द्धन |
| २ | सिंहदेवी मन्दिर, वडा नं ८ मा छाना फेर्न, | १५०००० | संघसंस्था प्रवर्द्धन |
| ३ | पाथिभरा माता मन्दिर वडा नं ७ गढीगाउँ | ७० हजार | संघसंस्था प्रवर्द्धन |
| ४ | रामचन्द्र मैनाली वडा नं ८ घरको छाना फेर्न (हावाहुरीको प्रकोपमा परी घरको छाना भत्किएको) | ४ वण्डल टिनको लागत अनुसार | प्रकोप व्यवस्थापन |
| ५ | शिवकुमार राई वडा नं १० आर्थिक सहायता (आगलागीबाट क्षति भएको टिन र घेराबारा मर्मत) | १ लाख | प्रकोप व्यवस्थापन |
| ६ | झापा नाटक घर निर्माण सहयोग | ५० हजार | संघसंस्था प्रवर्द्धन |

## ९. योजना स्थल संशोधन सम्बन्धमा ।

यस अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्ष ०८०/०८१ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत ६ नं वडामा सञ्चालन हुने देहायानुसारको आयोजना स्थल संशोधनका लागि ६ नं वडा कार्यालयबाट सिफारिस भई आएको हुँदा आगामी नगर सभाबाट अनुमोदन हुने गरी देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।साथै, वडा नं ७ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत अम्बिका खतिवडाको घर दक्षिण जाने बाटो र साङ्गे टोलको बाटो कालोपत्रे गर्नका लागि विनियोजित रु २५ लाखबाट कालोपत्रे गर्नका लागि ठेक्का बन्दोवस्त हुँदा न्यून कबोल भई बाँकी रहेको रकमबाट सोही वडाको अम्बिका खतिवडाको घर जाने बाटोको बाँकी भाग निर्माण गर्ने निर्णय गरियो ।

| साविक योजना | रकम | संशोधित योजना | रकम |
|---|---|---|---|
| वडा नं ६ मा नाला निर्माण | १५ लाख | बिहानी टोल नाला निर्माण | ८ लाख |
| सन्तोष सिलवालको घरछेउको बाटो प्लम्ब | २ लाख ५० हजार | धर्म अधिकारीको घर छेउको ड्रेन निर्माण | ५ लाख |
| प्रदीप जोशीको घर पश्चिमको बाटो | १ लाख ५० हजार | तिनपैनी ड्रेन | २ लाख |
| विहानी टोल रोड नं ११ स्तरोन्ती | २ लाख | सन्तोष सिलवालको घरछेउको बाटो स्तरोन्नति | २ लाख ५० हजार |
| | | राजवंशी टोल जाने बाटो | १ लाख ५० हजार |
| | | विहानी टोल रोड नं ९ को बाटो स्तरोन्नतिमा थप | २ लाख |